# महाकाली नगरपालिका, दार्चुलाको आर्थिक ऐन,२०७५"

आ.व.२०७५/०७६

महाकाली नगरपालिका दार्चुला

# महाकाली नगरपालिका, दार्चुलाको आर्थिक ऐन,२०७५"

**प्रस्तावनाः** महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महाकाली नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "महाकाली नगरपालिका दार्चुलाको आर्थिक ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन, २०७५ साल श्रावण १ गतेदेखि महाकाली नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **एकीकृत सम्पति करः** महाकाली नगरपालिकाले नगर क्षेत्रभित्रमाआगामी आ.व.२०७५/०७६ देखि हाल लिई रहेको घर जग्गा कर (मालपोत कर) को सट्टामा एकीकृत सम्पत्ति कर लागु गरिनेछ । त्यसको दररेट र संचालन प्रकृया कार्यविधिद्वारा व्यवस्थित गरिनेछ ।

३. **घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (१) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** महाकाली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ०९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **घरजग्गा रजिष्ट्रेशन दस्तुरः** महाकाली नगरपालिकाले तोके बमोजिम अनूसूचि १० मा उल्लिखित घर जग्गा रजिष्ट्रेशन दस्तुर असुल गर्नेछ ।

१३. **अन्य शुल्कका दररेटहरुः** महाकाली नगरपालिकाले अनूसूचि ११ मा उल्लिखित दररेट बमोजिम दस्तुर असुल गर्नेछ ।

१४. **कर छुटः** यस विद्येयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन तर नगरपालिकाबाट तयार गरेको कार्यविधि भित्र कुनै व्यक्ति संस्था वा कम्पनी कर छुट पाउने व्यवस्था भएमा सोही कार्यविधि अनुसार कर छुट दिन सक्नेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची-१
## घरवहाल कर

महाकाली नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर सेट, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरि वहालमा दिएकोमा तपशिल बमोजिम वहाल कर लगाई असुल गर्न सकिनेछ ।

१. वहाल रकमको १० प्रतिशतले हुन आउने रकम वहाल कर असुल गरिनेछ।
२. संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले वहालमा बसे वापत वहाल रकम बुझाउदा श्रोतमै अग्रिम वहाल कर कट्टी गरि दाखिला गर्नुपर्नेछ ।
३. वहाल निर्धारण प्रकृयाः- वहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र बार्षिक अवधिलाई आधार मानी वहाल कर वुझाउनु पर्नेछ ।
४. क्षेत्रगत आधारमा महाकाली नगरपालिका नगर कार्यपालिकाले न्यूनमत वहाल कर तोक्न वा वहाल कर कार्यविधि वनाई लागु गर्न सकिनेछ ।

## अनुसूची-२
## व्यवसाय करको दररेटहरु

महाकाली नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले दर्ता वा इजाजत पत्र प्राप्त गरी स्थापित उद्योग व्यापार व्यवसाय सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा व्यवसाय कर लगाई असुल उपर गर्न सकिने छ । यसरी व्यवसाय कर असुल गर्दा बैंक वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग अलग इकाई माथी असुल उपर गर्न सकिनेछ ।

| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १.सुर्तीजन्य पदार्थ | | | | |
| १ | डिलर (चुरोट, सुर्ती, गुट्का,तम्बाकु) | १००००।- | ८०००।- | |
| २ | डिलरबाट खरिद गरी डण्डा बिक्री गर्ने पसलमा | ८०००।- | ५०००।- | |
| ३ | खुद्रा पाकेट खोली बिक्री गर्ने पसलमा | ५०००।- | ३०००।- | |
| २.मदिरा सम्बन्धी कारोबार | | | | |
| १ | मदिरा डिलर,सप्लायर्स एवं वितरक | ४००००।- | ३६०००।- | |
| २ | सिलबन्दी मदिरा थोक बिक्रेता | ३००००।- | २४०००।- | |
| ३ | बिर्को तोडी मदिरा खुद्रा बिक्री गर्ने | २००००।- | ८४००।- | |
| ४ | बार | ५००००। | ४००००। | |
| ३.अन्य व्यवसाय | | | | |
| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
| १ | सुनचाँदी गहना बनाउने पसल | ३०००।- | २५००।- | |
| २ | ईलोक्ट्रोनिक पसल (फ्रिज,मोवाईल, अडियो,भिडियो सहितका पसलहरु) | ३०००।- | २५००।- | |
| ३ | ईलेक्ट्रिकल पसल (सौर्य उर्जा तथा बिजुलीका सामानहरुका पसल) | ३०००।- | २५००।- | |
| ४ | कम्प्युटर इन्स्च्युट तथा विक्री मर्मत पसल | ३०००।- | २५००।- | |
| ५ | कम्प्युटर सप्लायर्स तथा विक्री मर्मत पसल | ३०००।- | २५००।- | |
| ६ | फोटो स्टुडियो | २०००। | १५००। | |
| ७ | फोटो स्टुडियो कलर ल्याव सहित | ३०००।- | २५००।- | |
| ८ | पेन्टिङ पसल (आर्ट व्यवसाय) | १५००।- | १०००।- | |
| ९ | फर्निचर तथा फर्निसिङ्ग सप्लायर्स बिक्री बितरण पसल | ५०००।- | ३०००।- | |
| १० | काष्ठ उद्योग एवं फर्निचर उद्योग (स्थानीय काठको बनेको) | ५०००।- | ३०००।- | |
| ११ | हार्ड वेयर पसल सरिया सिमेन्ट रंगरोगन सामग्री सहितका पसलहरु | ३०००।- | २५००।- | |
| १२ | डिपार्ट मेन्टल स्टोर | ३००००।- | १५०००।- | |
| १३ | मिनि मार्ट | १५०००। | १००००।- | |
| १४ | कम्पलेक्स सेन्टर एण्ड विजनेस मार्ट | १५०००।- | १००००।- | |
| १५ | तयारी पोशाक फेन्सी स्टोर/पसल | २५००।- | २०००।- | |
| १६ | बस्त्रालाय (कपडा पसल) | २५००।- | २०००।- | |
| १७ | कस्मेटिक पसल | १५००।- | १०००।- | |
| १८ | चस्मा फिटिङ तथा बिक्री पसल | २०००।- | १५००।- | |
| १९ | कम्प्युटर,फ्रिज तथा अन्य ईलेक्ट्रोनिक पार्ट विक्री पसल | ३०००।- | २०००।- | |
| २० | सवारी साधन पार्ट पुर्जा बिक्री गर्ने पसल | ३०००।- | २०००।- | |
| २१ | टायर,ट्युव मर्मत तथा वर्कसप | २५००।- | १५००।- | |
| २३ | टायर,ट्युव बिक्री पसल | ३०००।- | २०००।- | |
| २४ | सवारी साधन मर्मत ग्यारेज | २५००।- | २०००।- | |
| २५ | मोटरसाईकल बिक्री पसल तथा सर्भिस सेन्टर | ५०००।- | ३५००।- | |
| २६ | साईकल बिक्री पसल | २५००।- | १५००।- | |
| २७ | रिकन्डिसन सवारी साधन खरिद बिक्री | ३०००।- | २५००।- | |
| २८ | दैनिक उपभोग्य खाद्य सामग्री तथा खुद्रा पसल | २०००।- | १०००।- | |
| २९ | दैनिक उपभोग्य सामग्री थोक बिक्रेता तथा सप्लायर्स | ३५००।- | २५००।- | |
| ३० | जुत्ता चप्पल पसल तथा सप्लायर्स | २५००।- | २०००।- | |
| ३१ | जुत्ता बनाउने पसल | २०००।- | १०००।- | |
| ३२ | जुत्ता सिउने पसल | १०००।- | ५००।- | |
| ३३ | सिरक, डसना,कम्बल, बिक्री तथा बनाउने पसल | २०००।- | १०००।- | |
| ३४ | तयारी लुगा,रेडिमेड कम्मल, कार्पेट तथा तन्ना जस्ता घुम्ती पसल (फेरी वाल गोदाम घर ) | १५००।- | १०००।- | |
| ३५ | भाडा वर्तन पसल (प्लास्टिक सामानहरु सहित) | ३०००।- | २०००।- | |
| ३६ | एल.पी.ग्याँस. सप्लायर्स एण्ड बिक्रेता | ५०००।- | ३५००।- | |
| ३७ | पट्रोल पम्प | १५०००।- | १२०००।- | |
| ३८ | पोलिथिन,जि.आई.पाईप तथा तारजाली फिटिङ्ग सामग्री पसल | ३०००।- | २५००।- | |
| ३९ | मैनबत्ती, अगर बत्ती अचार पसल | १०००।- | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ४० | मसला पसल वा चक्की | १०००।- | ५००।- | |
| ४१ | कृषि यान्त्रिक उपकरण खरिद बिक्री सप्लायर्स | २०००।- | १५००।- | |
| ४२ | पर्दा कार्पेट, तथा फर्निसङ लगायतका सामानहरु भएको पसल | २५००।- | २०००।- | |
| ४३ | माछा/अण्डा/मासु पसल | २०००।- | १५००।- | |
| ४४ | पोल्टी फर्म | ३०००।- | २०००।- | |
| ४५ | बाखा/गाई/भैसी पशुपालन फर्म | १०००।- | ५००।- | |
| ४६ | बधशाला | २०००।- | १०००।- | |
| ४७ | एग्रोभेट व्यक्तिगत र संथागत | २०००।- | १०००।- | |
| ४८ | औषधी क्लिनिक/फार्मेसी पसल | २०००।- | १०००।- | |
| ४९ | डेन्टल क्लिनिक पसल | २०००।- | १०००।- | |
| ५० | निजी अस्पताल | १००००।- | ५०००।- | |
| ५१ | निजी आयुर्वेदिक अस्पताल | ५०००।- | ३०००।- | |
| ५२ | आयर्वेदिक औषधी पसल | १०००।- | ८००।- | |
| ५३ | डेरी पसल | १०००।- | ५००।- | |
| ५४ | रिचार्ज कार्ड बिक्रेता पसल | ५००।- | ३००।- | |
| ५५ | पुस्तक/फोटकोपी/स्टेशनरी पसल | ५०००।- | ३०००।- | |
| ५६ | पान पसल | ५००।- | ३००।- | |

| | | | | |
|---|---|---|---|---|
| | ५. उद्योग व्यवसाय | | | |
| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
| १ | पर्यटन उद्योग (होटल,लज) | ३०००।- | २०००।- | |
| २ | चिया तथा नस्ता पसल | १०००।- | ५००।- | |
| ३ | चिया,खाना, नास्ता सहितको मिश्रित होटल शाकाहरी | २०००।- | १५००।- | |
| ४ | चिया,खाना, नास्ता सहितको चमिन,मःम,पिज्जा,वर्गर सहित होटल | २०००।- | १०००।- | |
| ५ | हल्का पेय पदार्थ माथि उल्लेखित बर्गीकरण सहितको संयुक्त होटल | १५००।- | १०००।- | |
| ६ | मिष्ठान भण्डार सहित खाना, नास्ता होटल | २५००।- | २०००।- | |
| ७ | होटल तथा लज (तालिम हल पार्किङ सहितको) | ७०००।- | ५०००।- | |
| ८ | कोकाकोला, पेप्सी, विभिन्न फलफुलबाट बन्ने जुस, आइसक्रिम उद्योग/पसल | १५००।- | १०००।- | |
| ९ | बिस्कुट पाउँरोटी केक उद्योग | २०००।- | १०००।- | |
| १० | डेरी उद्योग | १५००।- | १०००।- | |
| ११ | मिनिरल वाटर उद्योग | २०००।- | १०००।- | |
| १२ | खाद्यान्न उद्योग (चाउचाउँ,चौउमिन,फास्टफुड) | ३०००।- | २०००।- | |
| १३ | मःम चौउमिन होटल | २०००।- | १५००।- | |
| १४ | कार्पेट,गलैंचा,पसमिना उद्योग | २५००।- | २०००।- | |
| १५ | प्लाष्टिक उद्योग | ३०००।- | २०००।- | |
| १६ | कापी किताव उद्योग | ५०००।- | २०००।- | |
| १७ | खाद्यान्न मिल,चक्की,कुटाई पिसाई समेत | २०००।- | १०००।- | |
| १८ | ढाँका टोपी, अल्लो प्रशोधन उद्योग | २०००।- | १०००।- | |
| १९ | ग्रिल उद्योग | ३०००।- | २०००।- | |
| २० | ग्रिल सटर उद्योग | ३०००।- | २०००।- | |
| २१ | ईटा ब्लक उद्योग | ४०००।- | ३०००।- | |
| २२ | इको ब्लक उद्योग | ४०००।- | ३०००।- | |
| २३ | अन्य उत्पादन मुलक उद्योग | ५०००।- | ३०००।- | |

| | | | | |
|---|---|---|---|---|
| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
| | ६. बिशेष परामर्श सेवा व्यवसाय | | | |
| १ | चिकित्सक | ३०००।- | १०००।- | |
| २ | कबिराज | १५००।- | ५००।- | |
| ३ | बिमा अभिकर्ता | ३०००।- | २०००।- | |
| ४ | ईन्जिनियररिङ्ग परामर्श सेवा | ५०००।- | ३०००।- | |
| ५ | कानून व्यवसायी | ३०००।- | २०००।- | |
| ६ | लेखा परिक्षक | ३०००।- | २०००।- | |
| ७ | कम्पयुटटर एनालिष्ट, प्रोग्रामर | २०००।- | १०००।- | |
| ८ | सर्भेयर | २०००।- | १०००।- | |
| ९ | अनुवादक | २०००।- | १०००।- | |
| १० | पशुचिकित्सक | २०००।- | १०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ११ | संस्थागत पेन्टर | १०००।- | ५००।- | |
| १२ | अनुशन्धान कर्ता परामर्श दाता कन्सल्टेन्सी | ३०००।- | २०००।- | |
| १३ | व्यवसायीक तथा अन्य विशेषज्ञ | ३०००।- | २०००।- | |
| १४ | दन्त चिकित्सक | २०००।- | १०००।- | |
| १५ | सामान ढुवानी कर्ता तथा कम्पनी | ५०००।- | ३०००।- | |

७. सेवा व्यवसाय

| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | ड्राई क्लिनर्स | २०००।- | १०००।- | |
| २ | कोल्ड स्टोर (सित भण्डारण) | ५०००।- | २५००।- | |
| ३ | कवाडी समान संकलक तथा सप्लायर्स | ५०००।- | २५००।- | |
| ४ | यात्रु परिवहन सेवा टिकट वुकिङ्ग सेन्टर | ३०००।- | १०००।- | |
| ५ | स्नुकर,पुल भिडियो गेम | ४०००।- | २०००।- | |
| ६ | सिलाई सेन्टर ३ मेशिन सम्म | १०००।- | ५००।- | |
| ७ | सिलाई सेन्टर ३ मेशिन बढी | १५००।- | १०००।- | |
| ८ | छाला ज्याकेट मर्मत पिको, इन्वोदरी | १०००।- | ५००।- | |
| ९ | टेन्ट हाउँस (माईक साउण्ड सिस्टम सहित) | ३०००।- | २०००।- | |
| १० | व्युटी पार्लर सेन्टर | २०००।- | १०००।- | |
| ११ | कपाल काट्ने पसल | २०००।- | १०००।- | |
| १२ | छापाखाना | ७०००।- | ५०००।- | |

८. संचार सेवा

| सि.नं. | व्यवसायको किसिम | व्यवसाय दर्ता शुल्क | व्यवसाय नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | निजी हुलाक कुरीयर सेवा | १०००।- | ५००।- | |
| २ | टेलिफोन सेवा (P.C.O) | १०००।- | ५००।- | |
| ३ | साईबर,फ्याक्स सेवा फोटोकपी मोवाईल फोन इमेल र ईन्टरनेट सेवा | २०००।- | १०००।- | |

९. वित्तीय सेवा

| | | | | |
|---|---|---|---|---|
| १ | बाणिज्य बैंक शाखा"क" | २००००। | १००००।- | |
| २ | बिकास बैंक शाखा "ख" | १५०००। | ७५००।- | |
| ३ | "ग" बर्गका वित्तीय कम्पनीहरु | १४०००।- | ७०००।- | |
| ४ | "ग" बर्गका आर्थिक कारोबार गर्ने वित्तीय कम्पनीको शाखा कार्यालय | १५०००।- | ७५००।- | |
| ५ | "घ" बर्गको लघु वित्तको मूख्य कार्यालय | १३०००।- | ६५००।- | |
| | "घ" बर्गको लघु वित्तको शाखा कार्यालय | १००००।- | ५०००।- | |
| ६ | बिमा कम्पनीका शाखाहरु | १५०००।- | १००००।- | |
| | बिमा कम्पनीका उपशाखाहरु | १२०००।- | ६०००।- | |
| ७ | शहकारी बैंक | ५०००। | ३०००।- | |
| ८ | बचत तथा ऋण सहकारी संस्था मुख्य कार्यालय | ३०००।- | १५००।- | |
| ९ | बचत तथा ऋण सहकारी संस्था शाखा कार्यालय | २०००।- | १०००।- | |
| १० | अन्य वित्तीय कारोबार गर्ने वित्तीय संस्था | ५०००। | ३०००।- | |
| ११ | लघु वित्ताको शाखा कार्यालय "घ" बर्ग | १००००।- | ५०००।- | |
| १२ | विभिन्न बर्गको शाखा रहित बैंङ्किङ काउन्टरहरु | ५०००।- | २५००।- | |

१०. स्वास्थ्य सेवा व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| १ | सामुदायिक गैर सरकारि अस्पताल | २००००। | १००००।- | |
| २ | नसिङ होम | २५०००। | १५०००।- | |
| ३ | क्लनिक तथा ल्याव | ५०००। | ३०००।- | |
| ४ | डेन्टल अस्पताल | ३०००। | २०००।- | |
| ५ | अँकु पन्चरिष्ट सेवा | ४०००।- | २५००।- | |
| ६ | भेटनरि क्लिनिक | २०००।- | १५००।- | |

११. शिक्षा व्यवसाय

| | | | | |
|---|---|---|---|---|
| १ | निजी क्याम्पस | २५०००। | २००००।- | |
| २ | तालिम तथा अनुशन्धान केन्द्र | २००००। | १५०००। | |
| ३ | कम्प्युटर टाईपिङतथा भाषा प्रशिक्षण संस्था | ५०००। | ३०००।- | |
| ४ | ट्यूसन (कोचिङ) सेन्टर | ५०००। | ३५००।- | |
| ५ | निजि विद्यालय मा.वि. तह (बोर्डिङ) | १५०००। | १००००।- | |
| ६ | आधारभुत तह १-८ | १००००। | ८०००।- | |
| ७ | आधारभुत तह १-५ | ८०००।- | ५०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १२. अन्य सेवा | | | | |
| १ | विज्ञापन सेवा एजेन्सी | २०००।- | १०००।- | |
| २ | वैदेशिक रोजगार सेवा | १५०००। | १००००।- | |
| ३ | सेक्रेटियल सेवा | २०००।- | १५००।- | |
| ४ | हाउजीङ कम्पनि तथा घर जग्गा खरिद बिक्रि सेवा (रियल स्टेट) | ३००००। | २००००।- | |
| ५ | नर्सरी, फुल र विरुवा बिक्रेता | २०००।- | १०००।- | |
| ६ | काठ बिक्रेता | ५०००।- | ३५००।- | |
| ७ | टिकट काउन्टर सेवा | १०००।- | ५००।- | |
| ८ | ढक तराजु बिक्री सेवा | १०००।- | ५००।- | |
| ९ | मसाज पार्लर | ५०००।- | २५००।- | |
| १० | सप्लायर्स प्रति पटक | | ५००।- | |
| ११ | सरसफाई सेवा व्यवसाय | १५००।- | १०००।- | |
| १२ | हेल्थक्लब व्यायाम सेवा | १५००।- | १०००।- | |
| १३ | होस्टेल सेवा | ५०००।- | ३५००।- | |
| **१२. निर्माण व्यवसाय** | | | | |
| १ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "क" बर्ग | | १००००। | |
| २ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "ख" बर्ग | | ८०००।- | |
| ३ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "ग" बर्ग | | ६०००।- | |
| ४ | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा "घ" बर्ग | १०००० | ५०००।- | |
| ५ | हाईड्रो पावर | ३००००।- | २००००। | |
| ६ | अन्य उर्जा मुलक उद्योग | ५००० | ३०००।- | |
| ७ | क्रसर उद्योग | २००००। | १५०००।- | |

## अनुसूची-३
## जडीबुटी कवाडी मालको करको दररेट

ऊन,खोटो,जडीबुटी वनकस,कवाडी माल जीव जन्तु वाहेकका अन्य मृत वा मासिएका जीव जन्तुको सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार वापत जडीबुटी कवाडी र जीव जन्तु कर लाग्नेछ । उल्लेखित माल समानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि महाकाली नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलो ग्राम रु. ०.२०।—
ख) फलाम जन्य सामान प्रति किलो ग्राम रु. ०.२५।
ग) स्टिल जन्य सामान प्रति किलो ग्राम रु. ०.४०।र
घ) अन्यका प्रति किलो ग्राम रु. ०.५।

## अनुसूची-४
## सवारी साधन करको दररेट

महाकाली नगरपालिका भित्र ठेगाना रहने गरी दर्ता भएका तथा महाकाली नगरपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा बार्षिक कर निम्न अनुसार लाग्ने छ ।

क) ईन्जिनबाट चल्ने २ पांग्रे मोटर साईकद,स्कुटर वा यस्तै सवारी साधनको बार्षिक रु.५००।—
ख) कार, जीप, भ्यान वा यस्तै प्रकृतिका सवारी साधनको रु.१०००।—
ग) मिनिबस, मिनि ट्रक,टयाक्टर वा यस्तै प्रकृतिका सवारी साधनको रु.२०००।—
घ) हेभी गाडी डोजर वा यस्तै प्रकारका सवारी साधनको बार्षिक रु.३०००।—
ङ) अन्य सवारी साधन रु.१०००।—
च) विद्युतिय उर्जाबाट संचालन हुने र कृषि कार्यमा प्रयोग गरिने सवारी साधनको हकमा तोकिएको दरमा ५० प्रतिशत छुट हुने ।

## अनुसूची-५
## विज्ञापन करको दररेट

**<u>विज्ञापन क्षेत्र</u>**

१) भवनको छत र कौशिमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाउने छैन ।
२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामग्रि राख्न पाउने छैन ।
३) बाटोमा सिमाना देखि १० फिट भित्र तथा संधियारको सिमाना देखि ५ फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाउने छैन ।
४) सार्वजनिक उत्तर दायित्व अन्र्तगत निर्माण भएका जुनसुकै संरचनामा निर्मण गर्दा कार्यको नाम बाहेक राखिएको जुनसुकै तस्विर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।
५) भवन जमीन व्यापारिक वा व्यवसायिक केन्द्र होटल रेष्टुरेन्ट वा विद्यालय वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्रि भागमा गर्ने प्रयोजनका लागि राखिएका सामानहरुमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्ती जन्य मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित वा महाकाली नगरपालिका नगर कार्यापालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रशार गर्न पाईने छैन ।

करका दरहरु

क) फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु.३०।—
ख) डिजिटल बोर्ड,ग्लो साईन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति बर्ष प्रति बर्ग फुट रु. ४०।—
ग) खेलकुद मैदान, मञ्च, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्रिको अधिकतम् १० दिन २० इस्वाईर फिटमा प्रति दिन रु.५०। का दरले ।
घ) अन्यको हकमा प्रति बर्गफुट प्रति बर्ष रु. ३०।—

## अनुसूची-६
## मनोरञ्जन कर

मनोरञ्जन करको दररेट

१. एक महिना सम्म जादु सर्कस मेला संचालन गराए वापत दैनिक रु. ५००।— का दरले मासिक कर लगाइने छ ।
२. सिनेमा हल बार्षिक रु. ५०००।-

## अनुसूची-७
## पार्किङ शुल्क दररेट

महाकाली नगरपालिका भित्र यातायातका साधन पार्किङ गरेवापत दैनिक निम्न वमोजिम शुल्क संकलन गर्ने।

१) दुई पांग्रेका लागि दैनिक रु.५।—
२) चार पाँग्रे सानो सवारीका लागि दैनिक रु. ३०।—
३) चार पांग्रे ठुलो सवारी साधनको लागि दैनिक रु.७०।—

## अनुसूची-८
## बाहाल बिटौरी शुल्क

नगरपालिका क्षेत्रभित्र हाँट बजार, नगरपालिकाले निर्माण गरेका पसल वा सरकारी जग्गामा बनाइएका संरचनामा महाकाली नगरपालिका नगर कार्यपालिकाबाट तोकिए बमोजिम बाहाल बिटौरी शुल्क लगाईने छ ।

## अनुसूची-९
## सेवा शुल्क दस्तुरको दर

१. वडा समितिबाट सम्पादन हुने कार्यमा

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | निवेदन दस्तुर टिकट वापत | १०।- | | |
| २ | नाता प्रमाणित | ३००।- | ५००।- | |
| ३ | जन्म मिति प्रमाणित | १००।- | २००।- | |
| ४ | विवाह प्रमाणित अविवाहित प्रमाणित | १००।- | | |
| ५ | अंग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित | | ५००।- | |
| ६ | घर पताल प्रमाणित | १००।- | | |
| ७ | व्यक्तिगत प्रमाणित | २००।- | | |
| ८ | जिवित संग नाता प्रमाणित गर्ने | २००।- | | |
| ९ | हकवाला हकदार प्रमाणित गर्ने | २००।- | | |
| १० | संरक्षक प्रमाणित गर्ने व्यक्तिगत | २००।- | | |
| ११ | संरक्षक प्रमाणित गर्ने संस्थागत | ५००।- | | |
| १२ | कागजी मञ्जुरी नामा प्रमाणित गर्ने | १००।- | | |
| १३ | जग्गा मूल्याँकन सिफारिस प्रमाणित गर्ने | २००।- | | |
| १४ | आर्थिक अवस्था कमजोर विपन्नता प्रमाणित गर्ने | निशुल्क | | |
| १५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित गर्ने | १०००।- | | |
| १६ | नागरिकता सिफारिश प्रतिलिपि | २००।- | | |
| १७ | नागरिकता सिफारिश (बंशज) | १००।- | | |
| १८ | नागरिकता सिफारिश (अंगिकृत) | ५००।- | | |
| १९ | बहाल करको लेखा जोखा सिफारिश | २००।- | | |
| २० | मोही लगत कट्टाको सिफारिश | २००।- | | |
| २१ | घर जग्गा करको लेखा जोखा सिफारिश | २००।- | | |
| २२ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिश | २००।- | | |
| २३ | निशुल्क र स शुल्क स्वास्थ्य उपचार सिफारिश | निशुल्क | | |
| २४ | जग्गाधनी प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिश | २००।- | | |
| २५ | फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | २००।- | | |

| | | | |
|---|---|---|---|
| २६ | नाम थर जन्म मिति संशोधन सिफारिश | १००।- | |
| २७ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिश | २००।- | |
| २८ | कित्ता काट गर्न सिफारिश गर्ने प्रतिकित्ता | १००।- | |
| २९ | नामसारी गर्न सिफारिश | ३००।- | |
| ३० | जग्गाको हक सम्बन्धमा सिफारिश गर्ने | ३५०।- | |
| ३१ | मृतक संगको नाताप्रमाणित तथा सर्जिमिन सिफारिश गर्ने | २००।- | |
| ३२ | उद्योग ठाउँ सारी गर्ने सिफारिश | ३००।- | |
| ३३ | जिवित रहेको सिफारिश गर्ने | १००।- | |
| ३४ | विद्यालय खोल्न सिफारिश गर्ने (निजी) | २०००।- | |
| ३५ | विद्यालय खोल्न सिफारिश गर्ने (सरकारी) | ५००।- | |
| ३६ | विद्यालय कक्षा थप गर्न (निजी) | २०००।- | |
| ३७ | विद्यालय कक्षा थप (सरकारी) | १०००।- | |
| ३८ | विद्यालय ठाँउ सारी सिफारिश (निजी) | ३०००।- | |
| ३९ | पालन पोषणका लागि सिफारिश गर्ने | १००।- | |
| ४० | धारा तथा विद्युत जडानका लागि सिफारिश (व्यक्तिगत) | ३००।- | |
| ४१ | धारा तथा विद्युत जडानका लागि सिफारिश (संस्थागत) | ५००।- | |
| ४२ | धारा तथा विद्युत जडानका लागि सिफारिश (औद्योगिक) | १०००।- | |
| ४३ | चारकिल्ला प्रमाणित | ५००।- | थप प्रतिकित्ता रु.५०।- |
| ४४ | घर निर्माण सम्पन्न सिफारिश | १००।- | |
| ४५ | घरबाटो प्रमाणित सिफारिश | २००।- | |
| ४६ | छुट जग्गा दर्ता सिफारिश | ५००।- | |
| ४७ | छात्र बृति सिफारिश | १००।- | |
| ४८ | विपन्न विद्यार्थी छात्रवृती सिफारिश | निशुल्क | |
| ४९ | अपाङ्ग विद्यार्थी छात्रवृती सिफारिश | निशुल्क | |
| ५० | स्थायी बसोवास सिफारिस | ३००।- | |
| ५१ | अस्थायी बसोबास सिफारिस (स्वदेशीको हकमा) | ५००।- | |
| ५२ | अस्थायी बसोबास सिफारिस (विदेशी हकमा) | १०००।- | |
| ५३ | जग्गा मूल्याङ्कन सिफारिश प्रति हजार मा रु. | १।- | |
| | विद्यार्थीको कहकमा ५० प्रतिशत छुट | .५०।- | |
| ५४ | अदालत शुल्क मिनाह सम्बन्धि सिफारिश | २५।- | |
| ५५ | चौपाया सम्बन्धी | ३००।- | |
| ५६ | व्यवसाय दर्ता सर्जिमिन सिफारिश | १०००।- | |
| ५७ | आन्तरिक बसाई सराई सिफारिश | १००।- | |
| ५८ | व्यक्तिगत विवरण चाल चलन सम्बन्धी सिफारिश | ३००।- | |
| ५९ | स्वास्थ्य सुधार सिफारिश | २५।- | |
| ६० | सरकारको नाममा बाटो कायम सिफारिश | १००।- | |
| ६१ | अन्य कार्यालयको विवरण खुलाई पठाउनु पर्नेमा | ५००।- | |
| ६२ | व्यवसाय नामसारी दस्तुर सिफारिश | १०००।- | |
| ६३ | टोल सुधार/आमा समुह/प्यारा लिगल कमिटी | ५००।- | |
| ६४ | संघ संस्था दर्ता सिफारिश | २०००।- | |
| ६५ | बार्षिक रु.५०,००,०००।— कारोबार भएका गैर सरकारी सस्थाहरुको | १००००।- | |
| ६६ | जग्गा रेखाङ्कन सम्बन्धी रहोबरमा बस्ने | १०००।- | |
| ६७ | मिलापत्र कागज गराउने दुवै पक्षबाट ५००/५०० का दरले | १०००।- | |
| ६८ | प्रमाणिकरण भेरिफिकेशनको | २००।- | |
| ६९ | व्यक्तिगत घटना दस्तुर (३५ दिन भित्र) | निशुल्क | |
| ७० | व्यक्तिगत घटना दस्तुर ३५ दिन भन्दा माथि | ५० | |
| ७१ | सडक क्षेत्रको दायाँ/बाँयाका मदिरा पसलहरुबाट मासिक सरसफाई वापत | रु.१००।- | |
| ७२ | सडक क्षेत्रको दायाँ/बाँयाका पसलहरु मासिक सरसफाई शुल्क | ७०।- | |
| ७३ | सडक भित्रका मदिरा पसलबाट मासिक सरसफाई शुल्क | १००।- | |
| ७४ | सडक क्षेत्र भित्रका पसलहरुबाट मासिक सरसफाई शुल्क | ६०।- | |
| ७५ | सडकसंग जोडिएका घरधनीहरुबाट मासिक सरसफाई शुल्क | ५०।- | |
| ७६ | सडक भन्दा भित्रका टोलका घरहरुबाट मासिक सरसफाई शुल्क | ४०।- | |

१. माथि उल्लेखित सिफारिश वा प्रमाणित गर्दा सर्जिमिन आवश्यक देखिएमा वा पर्नेमा सामान्य प्रतिसर्जिमिन रु. ३००।— का दरले थप शुल्क लाग्ने छ ।

२. माथि उल्लेखित सम्पादन हुने कार्यको हकमा सोही बमोजिम र अन्य प्रचलित कानून बमोजिम सम्पादन हुने कार्यमा सोही कानून बमोजिम तोकिएको दरमा शुल्क र दस्तुर लाग्ने छ ।

**अनुसूची-१०**

**घरजग्गा रजिष्ट्रेशन दस्तुर**

महाकाली नगरपालिका, नगर कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**अनुसूची-११**

**घर नक्सा पास दस्तुर**

| सि.नं. | विवरण | दररेट रु. | कैफीयत |
|---|---|---|---|
| १) | शहरी क्षेत्र "क" बर्ग | | |
| क) | पक्की घर (प्रति वर्ग फिट) | ५।- | |
| ख) | कच्ची घर (प्रति वर्ग फिट) | ३।- | |
| ग) | अन्य घर (प्रतिवर्ग फिट) | १।- | |
| २) | शहर उन्मुख मैदानी क्षेत्र "ख" बर्ग | | |
| क) | पक्की घर (प्रति वर्ग फिट) | ४।- | |
| ख) | कच्ची घर (प्रति वर्ग फिट) | २- | |
| ग) | अन्य घर (प्रतिवर्ग फिट | १।- | |
| ३) | लेकाली क्षेत्र "ग" बर्ग | | |
| क) | पक्की घर (प्रति घर) | ५००।- | |
| ख) | कच्ची घर (प्रति घर) | ३५०/- | |
| ग) | अन्य घर (प्रति घर) | १००।- | |

**अनुसूची-१२**

**अन्य शुल्कका दररेटहरु**

१. नेपाल टेलिकमबाट केवुल तारको प्रति खम्वा रु.१५।— र तार प्रति मिटर रु.०.०२। पैसा भाडा लिने ।
२. सटररिङ्गका सामानहरु भाडामा दिई कारोबार गर्ने बार्षिक रु. १०००।—
३. माछा मार्ने अनुमती वापत प्रति खोला बार्षिक रु.५०००।—
४. ढुङ्गा सिलेट खानी प्रति सिलेट रु.१०।—
५. ढुङ्गा, गिटी र वालुवा प्रति घनफिट रु. २।—
६. ढुङ्गा, गिट्टी र वालुवा प्रति कट्टा रु ३।—
७. पानी घट्ट बार्षिक रु. २००।—
८. तरकारी तथा फलफुल पसल बार्षिक रु. १०००।—
९. घर कायम पक्की रु. १०००।— र कच्ची रु. ५००।—
१०. सामुदायिक वन दर्ता शुल्क रु.२०००।—
११. सामुदायिक वन नविकरण शुल्क रु. १०००।-

अन्य कर तथा शुल्क नगर कार्यापालिकाबाट तोकिए बमोजिम हुनेछ।